आ.व. २०८२/८३
बैठक संख्या :६

आज मिति २०८२ साल पौष ३० गते बुधबार सहिदभूमि गाउँपालिकाका अध्यक्ष श्री मनोज राईज्यूको अध्यक्षतामा सहिदभूमि गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

## उपस्थिती

| क सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री मनोज राई | अध्यक्ष | |
| २. | श्री रत्नश्वरी राई | उपाध्यक्ष | |
| ३. | श्री रमेश कुमार राई | वडाध्यक्ष, वडा नं. १ | |
| ४ | श्री खगेन्द्र राई | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | श्री होमनाथ राई | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | श्री भिम बहादुर राई | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | श्री हेम कुमार राई | वडाध्यक्ष, वडा नं. ६ | |
| ८. | श्री बम बहादुर राई | वडाध्यक्ष, वडा नं. ७ | |
| ९. | श्री दिवानी राई | कार्यपालिका सदस्य | |
| १०. | श्री विनिता राई | कार्यपालिका सदस्य | |
| ११. | श्री मधु भण्डारी | कार्यपालिका सदस्य | |
| १२. | श्री बालिका विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १३ | श्री प्रकाश राई | कार्यपालिका सदस्य | |
| १४. | श्री सूर्यबहादुर भण्डारी | सचिव | |
| १५. | श्री देउ कुमारी विश्वकर्मा | का.बा.वडाध्यक्ष, वडा नं. ५ | |

## अन्य उपस्थिती

| | | | |
|---|---|---|---|
| १. | श्री होम बहादुर थापा | प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख | |
| २. | नितेश कुमार यादव | आर्थिक प्रशासन तथा राजस्व शाखा प्रमुख | |
| ३. | हरि कुमार राई | प्रशासन इकाई | |
| ४. | मनोज कुमार पौडेल. शिक्षा शाखा प्रमुख | | |

**प्रस्ताव नं. १ मातृभाषा शिक्षक, स्वयम् सेवक तथा कम्प्यूटर शिक्षक सम्बन्धमा।**

**निर्णय नं. १** सहिदभूमि गाउँपालिका, धनकुटा अन्तर्गतका विभिन्न विद्यालयहरुमा स्थानीय मातृभाषा प्रवर्द्धन गर्ने उद्देश्यले मातृभाषा शिक्षकहरु करारमा नियुक्त गरिएको र सिद्धदेवी मावि, सहिदभूमि-७ मा स्वयम् सेवक शिक्षक तथा पात्लेपानी आवि, सहिदभूमि-५, टपुदेवी मावि, सहिदभूमि-७ र सिद्धदेवी मावि, सहिदभूमि-७ मा कम्प्यूटर शिक्षक करारमा नियूक्ति गरिएकोमा अर्थ मन्त्रालयको पत्र संख्या २०८२/०८३ (बजेट) च. नं. ११८ मिति २०८२/६/७ को बुदा नं. ख (५) को (ङ) मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरवन्दी बाहेकमा अस्थाई तथा करारमा कर्मचारी राख्न नपाउने भनि उल्लेख भएको हुँदा उक्त मातृभाषा शिक्षक, स्वयम् सेवक शिक्षक र कम्यूटर शिक्षकमा करारमा नियूक्ति भएका सम्पूर्ण शिक्षकहरुको मिति २०८२/१०/१६ देखि तलब तथा अन्य भत्ताहरु उपलव्ध नगराउने र सोही वेहोराको पत्र सम्बन्धित विद्यालयमा समेत पठाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ आखिसल्ला स्वास्थ्य चौंकी सूचिकृत सम्बन्धमा ।**

**निर्णय नं. ३** सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७ को नियम १४ मा सुरक्षित गर्भपत्तन सेवा उपलव्ध गराउन सूचीकृत हुन चाहने स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीले अनुसूची-८ बमोजिमको ढाँचामा सोही अनुसूचीमा उल्लेख भए बमोजिमको कागजात संलग्न गरी स्थानीय तहमा निवेदन दिने व्यवस्था भएको र उक्त नियमावलीको नियम १४ को १ (क) बमोजिम आखिसल्ला स्वास्थ्य चौंकीले सूचीकरणको लागि निवेदन पेश गरेको हुँदा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७ को नियम १४ को २ बमोजिम नियमावलीको अनुसूची-९ बमोजिमको ढाँचामा सूचिकृत गरी अनुसूची १० (क) बमोजिमको ढाँचामा सूचिकृत गरिएको प्रमाणपत्र उपलव्ध गराउने साथै आखिसल्ला स्वास्थ्य चौंकीमा सिअनमी पदमा कार्यरत श्री चन्द्र राईलाई सुरक्षित मातृत्व तथा

प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७ को अनुसूची १० (ख) बमोजिम सूचिकृत गरिएको प्रमाणपत्र उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ आयोजना तथा कार्यक्रम सम्झौता सम्बन्धमा ।**

**निर्णय नं.** ४ सहिदभूमि गाउँपालिका, धनकुटाको आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत भएका आयोजना तथा कार्यक्रमहरु मध्ये उपभोक्ता समिति, लाभग्राही समूह, सामुदायिक संस्था आदिबाट सञ्चालन हुने कार्यक्रम तथा पूर्वाधार निर्माण सम्बन्धी आयोजनाहरुको हकमा मिति २०८२/१०/२० सम्ममा उपभोक्ता समिति गठन गरिसक्ने र मिति २०८२/१०/२९ भित्रमा आयोजना तथा कार्यक्रम सम्झौता गर्ने समयावधि तोकी सबै वडा कार्यालयमा समेत जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ इन्जिनियर दिपक राईको समयावधि थप सम्बन्धमा ।**

निर्णय नं. ५ सहिदभूमि गाउँपालिका, धनकुटामा इन्जिनियर पद रिक्त रहेको र प्रदेश लोक सेवा आयोग, विराटनगरमा समेत स्थायी पदपूर्तिको लागि माग आकृति फाराम पठाइसकिएको र हालसम्म स्थायी पदपूर्ति नभएको हुँदा साँगुरीगढी गाउँपालिका, धनकुटाका इन्जिनियर श्री दिपक राईलेनै उक्त गाउँपालिकाको कार्य सञ्चालनमा बाधा नपर्ने गरी यस कार्यालयको समेत कामकाज समेत गर्दै आउनु भएकोमा निजको समयावधि २०८२ साल पौष मसान्तमा सकिएको हुँदा प्रदेश लोक सेवा आयोग, विराटनगरबाट स्थायी पदपूर्ति भइ नआएसम्म २०८३ साल असार मसान्तसम्म समयावधि थप गर्ने र मासिक रु २०,०००।०० (अक्षरेपी बिस हजार रुपैयमा मात्र) अतिरिक्त भत्ता उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं.** ६ तह वृद्धि सिफारिस समिति गठन **सम्बन्धमा ।**

**निर्णय नं.** ६ कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ बमोजिम तह वृद्धि गर्नको लागि उक्त ऐनको दफा २७ (४)

प्रजनन स्वास्थ्य अधिकार नियमावली, २०७७ को अनुसूची १० (ख) बमोजिम सूचिकृत गरिएको प्रमाणपत्र उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ आयोजना तथा कार्यक्रम सम्झौता सम्बन्धमा ।**

**निर्णय नं.** ४ सहिदभूमि गाउँपालिका, धनकुटाको आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत भएका आयोजना तथा कार्यक्रमहरु मध्ये उपभोक्ता समिति, लाभग्राही समूह, सामुदायिक संस्था आदिबाट सञ्चालन हुने कार्यक्रम तथा पूर्वाधार निर्माण सम्बन्धी आयोजनाहरुको हकमा मिति २०८२/१०/२० सम्ममा उपभोक्ता समिति गठन गरिसक्ने र मिति २०८२/१०/२९ भित्रमा आयोजना तथा कार्यक्रम सम्झौता गर्ने समयावधि तोकी सबै वडा कार्यालयमा समेत जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ इन्जिनियर दिपक राईको समयावधि थप सम्बन्धमा ।**

निर्णय नं. ५ सहिदभूमि गाउँपालिका, धनकुटामा इन्जिनियर पद रिक्त रहेको र प्रदेश लोक सेवा आयोग, विराटनगरमा समेत स्थायी पदपूर्तिको लागि माग आकृति फाराम पठाइसकिएको र हालसम्म स्थायी पदपूर्ति नभएको हुँदा साँगुरीगढी गाउँपालिका, धनकुटाका इन्जिनियर श्री दिपक राईलेनै उक्त गाउँपालिकाको कार्य सञ्चालनमा बाधा नपर्ने गरी यस कार्यालयको समेत कामकाज समेत गर्दै आउनु भएकोमा निजको समयावधि २०८२ साल पौष मसान्तमा सकिएको हुँदा प्रदेश लोक सेवा आयोग, विराटनगरबाट स्थायी पदपूर्ति भइ नआएसम्म २०८३ साल असार मसान्तसम्म समयावधि थप गर्ने र मासिक रु २०,०००।०० (अक्षरेपी बिस हजार रुपैयमा मात्र) अतिरिक्त भत्ता उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं.** ६ तह वृद्धि सिफारिस समिति गठन **सम्बन्धमा ।**

**निर्णय नं.** ६ कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ बमोजिम तह वृद्धि गर्नको लागि उक्त ऐनको दफा २७ (४)

बमोजिम देहाय बमोजिमको तह वृद्धि सिफारिस समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निम्नः

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | समिति | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सूर्यबहादुर भण्डारी | प्र.प्र.अ. | अध्यक्ष | |
| २ | श्री मनोज कुमार पौडेल | अधिकृत साँतौं | सदस्य | |
| ३ | श्री तुलसा भट्टराई | अधिकृत छैटौं | सदस्य | |

**प्रस्ताव नं. ७ सेवा करारका कर्मचारीहरुको समयावधि थप सम्बन्धमा ।**

**निर्णय नं.** ७ सहिदभूमि गाउँपालिका, धनकुटा वा अन्तर्गत विभिन्न वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा सेवा करारमा कार्यरत कर्मचारीहरुको समयावधि २०८२ साल पौष मसान्तबाट सकिएको हुँदा उक्त कर्मचारीहरुले सेवा अवधि थपको लागि निवेदन पेश गरेकोमा प्रमुख प्रशासकीय अधिकृत तथा आर्थिक प्रशासन शाखा प्रमुखले अर्थ मन्त्रालयको पत्र संख्या २०८२/०८३ (बजेट) च. नं. ११८ मिति २०८२/६/७ को निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धी पत्रको बुदा नं. ख (५) को (ङ) मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरवन्दी बाहेकमा अस्थाई तथा करारमा कर्मचारी राख्न नपाउने भनि उल्लेख भएको हुँदा स्वीकृत दरवन्दी भित्र रहेका र सङ्घीय र प्रदेश सरकारबाट सञ्चालन भएका कार्यक्रममा रहेका कर्मचारीको मात्र सेवा करारको समयावधि थप गर्न राय व्यक्त गरेको भए तापनि सहिदभूमि गाउँपालिका वा अन्तर्गत विभिन्न वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको समयावधि २०८३ साल असार मसान्तसम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मनोज राई
अध्यक्ष
सहिदभूमि गाउँपालिका, धनकुटा